# त्रिभुवन विश्वविद्यालय

## इन्जिनियरिङ्ग अध्ययन संस्थान

### डीनको कार्यालय, पुल्चोक, ललितपुर

## “समकक्षता प्रदान गर्न आवश्यक मापदण्ड सम्बन्धी संसोधित कार्य निर्देशिका - २०८२”

***२०८२***

# खण्ड "क"

## स्नातक तह (बि.ई./बि.आर्क) को समकक्षता निर्देशिका

**१. +२, इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयमा डिप्लोमा** वा सो सरहको तह विदेशी बोर्डबाट उत्तीर्ण भएमा नेपाल सरकारको सम्बन्धित निकायबाट **समकक्षता प्राप्त** हुनु पर्नेछ ।

२. +२ वा इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयमा डिप्लोमा वा सो सरहको तहमा **भौतिक शास्त्र, रसायन शास्त्र र गणित** बिषयहरु अनिवार्य रुपमा अध्ययन गरेको हुनु पर्नेछ ।

### ३. अध्ययन अवधि, क्रेडिट र कोर्षहरु सम्बन्धमा

**३.१** स्नातक तहको **बि.ई.मा ४ बर्ष र बि.आर्क.मा ५ बर्ष अध्ययन** गरेको तथा त्रि.वि. इ.अ.सं.को चालु पाठ्यक्रमको **७५% अंश पूरा गरेको** अवस्थामा समकक्षताको लागि सिफारिस गरिनेछ ।

**३.२** कुनै आवेदकले स्नातक तहको **बि.ई.मा ३ बर्ष र बि.आर्क.मा ४ बर्ष** अध्ययन गरेको तथा त्रि.वि. इ.अ.सं. को चालु पाठ्यक्रमको **७५% अंश पूरा गरेको** अवस्थामा, निजले अवधि पुरयाउन इ.अ.सं.को सम्बन्धित बिषय समितिले तोकेको कम्तिमा **६ आवश्यक बिषयहरु वा कम्तिमा ६ महिनाको Research Work** इ.अ.सं.बाट पूरा गरे पछि मात्र समकक्षताको लागि सिफारिस गर्न सकिनेछ ।

**३.३** कुनै आवेदकले स्नातक तहको **बि.ई.मा ३ बर्ष र बि.आर्क.मा ४ बर्ष** अध्ययन गरेको तथा त्रि.वि. इ.अ.सं.को चालु पाठ्यक्रमको **७५% अंश पूरा नगरेको** अवस्थामा, सो मापदण्ड (७५%) पूरा गर्न इ.अ.सं.को सम्बन्धित बिषय समितिले तोकेको **पूरक आवश्यक बिषयहरु**का साथै ३.२ अनुसार अवधि पुरयाउन **थप ६ आवश्यक बिषयहरु वा कम्तिमा ६ महिनाको Research Work** इ.अ.सं.बाट पुरा गरेपछि मात्र समकक्षताको लागि सिफारिस गर्न सकिनेछ।

**३.४** यदि कुनै आवेदकको अध्ययन अवधि **बि.ई.मा ३ बर्ष र बि.आर्क.मा ४ बर्ष भन्दा कम** भएमा समकक्षताका लागि **सिफारिस गरिने छैन** ।

### ४. Lateral Entry बाट अध्ययन पूरा गरेका आवेदकहरुका सम्बन्धमा

इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयमा डिप्लोमा वा सो सरहको अध्ययन गरी **Lateral Entry (Direct Second Year)** गरि बिदेशी विश्वविद्यालयबाट **३ बर्षे बि.ई. वा ४ बर्षे बि.आर्क.** उपाधि प्राप्त गरेका आवेदकहरुका हकमा समकक्षता हासिल गर्न आवेदकले इ.अ.सं.को सम्बन्धित बिषय समितिले तोकेको **कम्तिमा ६ आवश्यक बिषयहरु**को अध्ययन तोकिएको समय भित्र इ.अ.सं.बाट पूरा गरे पछि मात्र समकक्षताको लागि सिफारिस गर्न सकिनेछ ।

### ५. स्नातक तहको क्रेडिट ट्रान्सफर सम्बन्धमा

**५.१** आवेदकले +२ वा डिप्लोमा वा सो सरहको तहमा अध्ययन गरेका बिषयहरुको क्रेडिट, इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयको स्नातक तहमा ट्रान्सफर गरी अध्ययन पूरा गरेको अवस्थामा समकक्षताका लागि सिफारिस गरिने छैन ।

**५.२** आवेदकले इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयको स्नातक तहमा अर्को विश्वविद्यालय वा शैक्षिक संस्थाबाट, उपाधि प्राप्त गरेको विश्वविद्यालय वा शैक्षिक संस्थामा **क्रेडिट ट्रान्सफर** गराएको भए क्रेडिट दिने र लिने दुवै संस्थाको क्रमशः मार्कसिट र ट्रान्सकृप्टमा अनिवार्य उल्लेख भएको प्रमाण पेश गर्नु पर्नेछ। तर यस प्रकारको क्रेडिट ट्रान्सफर उपाधि दिने विश्वविद्यालयको पाठ्यक्रमको **५० प्रतिशत** सम्म मात्र मान्य हुनेछ ।

### ६. सोसाईटी मेम्बरसिप र अनलाइन अध्ययन सम्बन्धमा

**६.१** सन् २०१३ मइ ३१ पछिका सोसाईटी उपाधि प्राप्त गरेका आवेदकहरुलाई समकक्षताका लागि सिफारिस गरिने छैन तथापि सो मिति अघिका AMIE / IETE का सोसाईटी मेम्बरसिपका उपाधिहरुलाई आवश्यक मापदण्ड पूरा भएमा समकक्षताका लागि सिफारिस गर्न सकिनेछ ।

**६.२** पुरै अध्ययन (कक्षा र परीक्षाहरु) **अनलाइन** माध्यमबाट वा शैक्षिक संस्थामा पूर्ण अनुपस्थित रही अध्ययन पूरा गरेका आवेदकहरुलाई समकक्षताका लागि **सिफारिस गरिने छैन** ।

६.३ **कोभिड महामारी २०१९** को बेलामा आवेदकले अध्ययन गरेको देश वा शहरमा भएको बन्दाबन्दी वा लकडाउन वा संकटकालका कारणले कुनै विश्वविद्यालयले अनलाइन कक्षा संचालन गरेको र सम्बन्धित देशले बिद्यार्थीहरुलाई देश छाडने आदेश गरेको भए आवेदकले सोको प्रमाण सहित आवेदन गरेमा **अधिकतम २ बर्ष सम्म अनलाइन अध्ययन** गरेकाहरुलाई समकक्षताको लागि सिफारिस गर्न सकिनेछ ।

उपरोक्त असहज परिस्थितिमा प्रयोगात्मक कक्षाहरु अनलाईन हुन नसक्ने तर प्राविधिक विधामा सो कक्षाहरु आवश्यक भएकोले सम्बन्धित विषय समितिबाट इ.अ.सं.मा भएका **आवश्यक प्रयोगात्मक कक्षाहरु** तोकिने छ र सो इ.अ.सं. बाट **पूरा गरेपछि मात्र** समकक्षताको लागि सिफारिस गर्न सकिनेछ ।

## ७. उपाधि प्रमाणपत्र, ट्रान्सकृप्ट र मार्कसिट पेश गर्नु पर्ने

बि.ई./बि.आर्क समकक्षताका लागि आवेदकले +२, इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयमा डिप्लोमा वा सो सरहको र स्नातक तहको उपाधि प्रमाणपत्र, ट्रान्सकृप्ट र मार्कसिट पेश गर्नु पर्नेछ । उपाधि प्रमाणपत्र जारी नभएको अवस्था पुष्टि भएमा उपाधि प्रमाणपत्रको Provisional Certificate तथा ट्रान्सकृप्ट र मार्कसिटको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## ८. अध्ययन अवधिभर आवेदक सम्बन्धित देशमा बसेको हुनु पर्ने

आवेदक, अध्ययन गरेको विश्वविद्यालय वा शैक्षिक संस्था रहेको देशमा स्नातक अध्ययन अवधि भर पूर्ण बसोबास गरेको हुनु पर्नेछ । यस प्रयोजनका लागि आवेदकले भारत बाहेकका देशको valid visa, आगमन र बर्हिगमनको आधिकारिक प्रमाणहरु पेश गर्नु पर्नेछ । सो प्रमाणहरु बिषय समितिबाट verify गर्न सकिनेछ र यी प्रमाणहरुको अभावमा समकक्षताको लागि सिफारिस गरिने छैन । भारतको हकमा आवेदकले अध्ययन गरेको विश्वविद्यालय वा शैक्षिक संस्था बाट अध्ययन अवधिभर पूर्ण बसोबास गरेको आधिकारिक पत्र पेश गर्नु पर्नेछ ।

## ९. प्रमाणपत्रहरुको भाषा सम्बन्धमा

समकक्षताको लागि आवेदन गर्ने आवेदकले आफ्ना प्रमाणपत्रहरु नेपाली वा अंग्रेजी भाषामा नभए प्रमाणपत्रहरुलाई त्रि.वि.को बिश्वभाषा क्याम्पसबाट अंग्रेजी भाषामा अनुवाद गरी पेश गर्नु पर्नेछ ।

## १०. विश्वविद्यालय वा शैक्षिक संस्थाको परिचय पुस्तिका र मान्यता प्रदान गरिएको प्रमाण पेश गर्नु पर्ने

आवेदकले अध्ययन गरेको विश्वविद्यालय वा शैक्षिक संस्थाको परिचय पुस्तिका तथा सम्बन्धित देशको विश्वविद्यालय अनुदान आयोग वा अख्तियार प्राप्त निकायबाट मान्यता प्रदान गरिएको पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

## ११. पाठ्यक्रमको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने

आवेदकले अध्ययन गरेको विश्वविद्यालयको स्नातक तहको पाठ्यक्रमको प्रमाणित प्रतिलिपि वा Official Website को Link अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## १२. समकक्षताको लागि सिफारिस गरिने बिषय सम्बन्धमा

**१२.१** आवेदकको स्नातक तहको बिषय त्रि.वि., इ.अ.सं. मा भएका स्नातक तहको इन्जिनियरिङ्ग वा आर्किटेक्चर **बिषयहरुको नामसँग मिल्ने भएमा** मात्र त्रि.वि. को **सोही बिषय तोकेर स्नातक** तह सरहको समकक्षताको लागि सम्बन्धित बिषय समितिबाट सिफारिस गरिने छ ।

**१२.२** आवेदकको स्नातक तहको बिषय त्रि.वि., इ.अ.सं. मा भएका स्नातक तहको इन्जिनियरिङ्ग वा आर्किटेक्चर **बिषयहरुको नामसँग नमिल्ने भएमा** निजले अध्ययन गरेको उपाधिमा **उल्लेखित बिषयमा स्नातक (Bachelor in Relevant Subject)** तह सरहको समकक्षताको लागि सिफारिस गरिने छ ।

**१३.** उपरोक्त बाहेकका अन्य अवस्थामा "त्रिभुवन विश्वविद्यालय उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यबिधि" ले ब्यवस्था गरको अद्यावधिक कार्यविधि बमोजिम बिषय समितिले सिफारिस गरे अनुसार हुनेछ ।

# खण्ड "ख"

## स्नातकोत्तर (ME/MSc/MArch) तहको समकक्षता निर्देशिका

### १. इन्जिनियरिङ्ग वा आर्किटेक्चर बिषयको स्नातक र स्नातकोत्तर हुनु पर्ने

स्नातकोत्तर तहको समकक्षताका लागि आवेदकको शैक्षिक योग्यता इन्जिनियरिङ्ग वा आर्किटेक्चर बिषयमा स्नातक र स्नातकोत्तर हुनु पर्नेछ ।

### २. स्नातक तहको समकक्षता हुनु पर्ने

**२.१** स्नातकोत्तर तहको समकक्षताका लागि आवेदकले त्रि.वि. पाठ्यक्रम बिकास केन्द्रबाट **स्नातक तहको समकक्षता** प्राप्त गरेको हुनु पर्नेछ ।

**२.२** स्नातक तहको अध्ययन बिना सोझै स्नातकोत्तर (स्नातक र स्नातकोत्तर तह एउटै ट्रान्सकृप्टमा भएका) अर्थात एकीकृत स्नातकोत्तर **(Integrated ME/MSc/MArch)** उपाधिको समकक्षताका लागि आवेदकको पूर्व शैक्षिक योग्यता नेपाल सरकारबाट **समकक्षता प्राप्त +२ वा इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयमा डिप्लोमा** वा सो सरह हुनु पर्नेछ ।

**२.३** आवेदकले स्नातक र स्नातकोत्तर तहहरुमा वा एकीकृत स्नातकोत्तर तहमा **अध्ययन गरेको बिषय** त्रि.वि., इ.अ.सं. बिषय समितिको **इन्जिनियरिङ्ग वा आर्किटेक्चर बिषयहरुसँग सम्बन्धित** हुनु पर्नेछ ।

### ३. स्नातकोत्तर तहको अध्ययन अवधि, क्रेडिट र कोर्षहरु सम्बन्धमा

**३.१** स्नातकोत्तर तहको अध्ययन अवधि स्नातक गरेपछि कम्तिमा **२ बर्षको** हुनु पर्नेछ तथा त्रि.वि., इ.अ.सं. को चालु स्नातकोत्तर पाठ्यक्रमको **कम्तिमा ७५% अंश (45 Credits/675 Contact Hours/8 Courses with Project and Thesis)** पूरा गरेको अवस्थामा मात्र समकक्षताको लागि सिफारिस गरिनेछ ।

**३.२** कुनै आवेदकको अध्ययन अवधि **न्यूनतम १ बर्ष** भएमा तथा त्रि.वि., इ.अ.सं.को चालु पाठ्यक्रमको **७५% अंश पूरा गरेको** अवस्थामा अवधि पुरयाउन इ.अ.सं.को सम्बन्धित बिषय समितिले तोकेको **१ Semester को Research Work/Directed Study (16 Credts)** इ.अ.सं.बाट पूरा गरे पछि मात्र समकक्षताको लागि सिफारिस गर्न सकिनेछ ।

**३.३** कुनै आवेदकको अध्ययन अवधि **न्यूनतम १ बर्ष** भएमा तर त्रि.वि., इ.अ.सं.को चालु पाठ्यक्रमको **७५% अंश पूरा नगरेको** अवस्थामा, सो मापदण्ड (७५%) पूरा गर्न इ.अ.सं.को सम्बन्धित बिषय समितिले तोकेको **पूरक आवश्यक बिषयहरु**का साथै **३.२** अनुसार अवधि पुरयाउन **थप १ Semester को Research Work/Directed Study (16 Credts)** इ.अ.सं.बाट पूरा गरेपछि मात्र समकक्षताको लागि सिफारिस गर्न सकिनेछ ।

**३.४** यदि कुनै आवेदकको स्नातकोत्तरको अध्ययन अवधि **१ बर्ष भन्दा पनि कम** भएमा समकक्षताका लागि **सिफारिस गरिने छैन** ।

**३.५ एकीकृत (Integrated) स्नातकोत्तर**को हकमा आवेदकले इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयमा कम्तिमा **५/६** बर्षको अध्ययन अवधि पूरा गरेको हुनु पर्नेछ र इ.अ.सं.को स्नातक तथा स्नातकोत्तर दुबै तहको चालु पाठ्यक्रमको **समग्रमा ७५% अंश** पूरा गरेको हुनु पर्नेछ ।

कुनै आवेदकको **एकीकृत (Integrated) स्नातकोत्तर**को अध्ययन अवधि इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयमा कम्तिमा **५/६** बर्ष भएमा तर त्रि.वि., इ.अ.सं.को चालु पाठ्यक्रमको **समग्रमा ७५% अंश पूरा नगरेको** अवस्थामा, सो मापदण्ड (७५%) पूरा गर्न इ.अ.सं.को सम्बन्धित बिषय समितिले तोकेको **पूरक आवश्यक बिषयहरु**का साथै **३.२** अनुसार अवधि पुरयाउन **थप १ Semester को Research Work/Directed Study (16 Credts)** इ.अ.सं.बाट पूरा गरेपछि मात्र समकक्षताको लागि सिफारिस गर्न सकिनेछ ।

इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयमा न्यूनतम **५/६ बर्ष भन्दा पनि कम** अध्ययन अबधि भएका **एकीकृत स्नातकोत्तर** तहको समकक्षता सम्बन्धी **सिफारिस गरिने छैन** । तथापि यस प्रकृतिका आवेदकलाई **स्नातक तह**को सम्पूर्ण मापदण्ड पूरा भएको अवस्थामा स्नातक तहको समकक्षताको लागि सिफारिस गर्न **सकिनेछ** ।

## ४. केडिट ट्रान्सफर सम्बन्धमा

स्नातकोत्तर तहको समकक्षताका लागि आवेदकले स्नातक वा सो सरहमा अध्ययन गरेका बिषयहरुको केडिट ट्रान्सफर गरी पूरा गरेको अध्ययनलाई समकक्षताका लागि सिफारिस गरिने छैन । आवेदकले स्नातकोत्तर तहमा अर्को बिश्वबिद्यालय वा शैक्षिक संस्थाबाट उपाधि प्राप्त गरेको बिश्वबिद्यालय वा शैक्षिक संस्थामा **केडिट ट्रान्सफर** गराएको भए केडिट दिने र लिने दुवै संस्थाको क्रमश: मार्कसिट र ट्रान्सकृप्टमा अनिवार्य उल्लेख भएको हुनु पर्नेछ । तर यस प्रकारको क्रेडिट ट्रान्सफर उपाधि दिने विश्वविद्यालयको पाठ्यक्रमको **५० प्रतिशत** सम्म मात्र मान्य हुनेछ ।

## ५. अनलाइन अध्ययन सम्बन्धी ब्यवस्था

**५.१** पूरै स्नातकोत्तर तह (कक्षा र परीक्षाहरु) **अनलाइन** माध्यमबाट वा शैक्षिक संस्थामा पूर्ण अनुपस्थित रही अध्ययन पूरा गरी उपाधि प्राप्त गरेका आवेदकहरुलाई समकक्षताको लागि **सिफारिस गरिने छैन** ।

**५.२ कोभिड महामारी २०१९** को बेलामा आवेदकले अध्ययन गरेको देश वा शहरमा भएको बन्दाबन्दी वा लकडाउन वा संकटकालका कारणले कुनै बिश्वबिद्यालयले अनलाइन कक्षा संचालन गरेको र सम्बन्धित देशले बिद्यार्थीहरुलाई देश छाडने आदेश गरेको भए आवेदकले सो विश्वविद्यालय वा शैक्षिक संस्थाबाट प्रमाणित पत्र सहित आवेदन गरेमा उपरोक्त  असहज परिस्थितिमा **अधिकतम १ बर्ष सम्म अनलाइन** अध्ययनलाई समकक्षताको लागि सिफारिस गर्न सकिनेछ । तर **१ बर्ष भन्दा बढी अनलाइन** अध्ययन गरेका आवेदकको हकमा इ.अ.सं.को सम्बन्धित बिषय समितिले तोकेको **पूरक कोर्षहरु** इ.अ.सं.बाट पूरा गरे पछि मात्र समकक्षताको लागि सिफारिस गर्न सकिनेछ ।

## ६. उपाधि प्रमाणपत्र, ट्रान्सकृप्ट, मार्कसिट र सक्कल शोधकार्य (Original Thesis) अनिवार्य पेश गर्नु पर्ने

**६.१** स्नातकोत्तर समकक्षताका लागि आवेदकले इन्जिनियरिङ्ग/आर्किटेक्चर बिषयमा **स्नातकोत्तर तहको उपाधि प्रमाणपत्र, ट्रान्सकृप्ट र मार्कसिट** पेश गर्नु पर्नेछ । उपाधि प्रमाणपत्र जारी नभएको अवस्था पुष्टि भएमा उपाधि प्रमाणपत्रको Provisional Certificate तथा ट्रान्सकृप्ट र मार्कसिटको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**६.२ स्नातकोत्तर** समकक्षताका लागि लेक्चर कोर्षहरुका साथै अनिवार्य रुपमा **थेसिस वा डिजर्टेशन** सहितको स्नातकोत्तर तह उत्तीर्ण हुनु पर्नेछ । आवेदकले **बिश्वबिद्यालयको छाप र Supervisor को हस्ताक्षर** सहितको सक्कल थेसिस वा डिजर्टेशन अनिवार्य बुझाउनु पर्नेछ । विश्वविद्यालयको **Website मा थेसिस** भएको अवस्थामा **Official Website को Link** अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**६.३ थेसिस बिनाको स्नातकोत्तर** अध्ययन पूरा गरेको हकमा, त्रि.वि. इ.अ.सं. को बिषय समितिले तोकेको **थेसिस कार्य पूरा गरेपछि** स्नातकोत्तर सरह समकक्षताको लागि सिफारिस गर्न सकिनेछ ।

## ७. ट्रान्सकृप्ट/मार्कसिटमा केडिट उल्लेख नभएमा केडिट/कोर्ष र शोधपत्र गणना सम्बन्धी ब्यवस्था

**७.१** प्रति १५ लेक्चर आवर प्रति सेमेष्टर बराबर १ केडिट मानिनेछ वा **प्रति बिषय** अधिकतम **४ केडिट** मानिनेछ ।

**७.२ स्नातकोत्तर थेसिस** वा डिजर्टेशनलाई अधिकतम **१६ केडिट** मानिनेछ ।

**७.३** थेसिस वा डिजर्टेशनसंग सम्बन्धित एकल वा प्रथम लेखक भएको १ भन्दा माथिको Impact Factor भएका जर्नलहरुमा बिषयसँग सम्बन्धित प्रकासित **शोधपत्रलाई अधिकतम १६ केडिट** मानिनेछ ।

## ८. अध्ययन अवधिभर आवेदक सम्बन्धित देशमा बसेको हुनु पर्ने

स्नातकोत्तर अध्ययन अवधिभर आवेदकले अध्ययन गरेको विश्वविद्यालय वा शैक्षिक संस्था रहेको देशमा **पूर्ण बसोबास** गरेको हुनु पर्नेछ। यस प्रयोजनका लागि आवेदकले भारत बाहेकका देशहरुको **Valid Visa, आगमन र बर्हिगमनको आधिकारिक प्रमाणहरु** पेश गर्नु पर्नेछ । सो प्रमाणहरु बिषय समितिबाट पुष्टि (Verify) गर्न सकिनेछ र यी प्रमाणहरुको अभावमा समकक्षताको लागि सिफारिस गरिने छैन । **भारत**को हकमा आवेदकले अध्ययन गरेको विश्वविद्यालय वा शैक्षिक संस्था बाट अध्ययन अवधिभर पूर्ण बसोबास गरेको **आधिकारिक पत्र** पेश गर्नु पर्नेछ।

## ९. प्रमाणपत्रहरुको भाषा सम्बन्धमा

समकक्षताको लागि आवेदन गर्ने आवेदकले आफ्ना प्रमाणपत्रहरु नेपाली वा अंग्रेजी भाषामा नभएका प्रमाणपत्रहरुलाई त्रि.वि.को बिश्वभाषा क्याम्पसबाट अंग्रेजी भाषामा अनुवाद गरी पेश गर्नु पर्नेछ।

## १०. बिश्वबिद्यालय वा शैक्षिक संस्थाको परिचय पुस्तिका र स्वीकृति प्रदान गरिएको प्रमाण पेश गर्नु पर्ने

आवेदकले आवेदनसाथ आफुले अध्ययन गरेको विश्वविद्यालय वा शैक्षिक संस्थाको परिचय पुस्तिका तथा सम्बन्धित देशको विश्वविद्यालय अनुदान आयोग वा अख्तियार प्राप्त नियमन निकायबाट स्वीकृति प्रदान गरिएको पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

## ११. पाठ्यक्रमको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने

आवेदकले आफूले अध्ययन गरेको स्नातकोत्तर तहको सम्बन्धित विश्वविद्यालयको पाठ्यक्रमको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

## १२. समकक्षता पाउन त्रि.वि., इ.अ.सं. बिषय समितिको बिषयहरुसँग मिलेको हुनु पर्ने

**१२.१** आवेदकको स्नातकोत्तर तहको बिषय त्रि.वि., इ.अ.सं. मा भएका स्नातकोत्तर तहको इन्जिनियरिङ्ग वा आर्किटेक्चर **बिषयहरुको नामसँग मिल्ने भएमा** मात्र त्रि.वि. को **सोही बिषय तोकेर** स्नातकोत्तर तह सरहको समकक्षताको लागि सम्बन्धित बिषय समितिबाट सिफारिस गरिने छ।

**१२.२** आवेदकको स्नातकोत्तर तहको बिषय त्रि.वि., इ.अ.सं. मा भएका स्नातकोत्तर तहको इन्जिनियरिङ्ग वा आर्किटेक्चर **बिषयहरुको नामसँग नमिल्ने भएमा** निजले अध्ययन गरेको उपाधिमा उल्लेखित बिषयमा **(MSc in Relevant Subject)** मा स्नातकोत्तर तह सरहको समकक्षताको लागि सिफारिस गरिने छ।

**१२.३** त्रि.वि., इ.अ.सं.मा एकीकृत स्नातकोत्तर कार्यक्रम नभएकोले, एकीकृत स्नातकोत्तर गरेका आवेदकको हकमा त्रि.वि., इ.अ.सं. मा भएका स्नातकोत्तर बिषयहरुसँग मिल्ने बिषयको अध्ययन गरेपनि आवेदकले अध्ययन गरेको **उपाधिमा उल्लेखित बिषयमा स्नातकोत्तर (Integrated MSc in Relevant Subject)** सरह समकक्षताको लागि सिफारिस गरिने छ।

**१३.** उपरोक्त बाहेकका अन्य अवस्थामा "त्रिभुवन विश्वविद्यालय उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यबिधि" ले व्यवस्था गरको अद्यावधिक कार्यविधि बमोजिम बिषय समितिले सिफारिस गरे अनुसार हुनेछ।

# खण्ड "ग"

## विद्यावारिधि (PhD) तहको समकक्षता निर्देशिका

### १. इन्जिनियरिङ्ग वा आर्किटेक्चरको स्नातक, स्नातकोत्तर र विद्यावारिधि हुनु पर्ने

विद्यावारिधि (PhD) तहको समकक्षताका लागि आवेदकको शैक्षिक योग्यता इन्जिनियरिङ्ग वा आर्किटेक्चर बिषयमा स्नातक, स्नातकोत्तर र विद्यावारिधि हुनु पर्नेछ ।

### २. स्नातक र स्नातकोत्तर तहको समकक्षता हुनु पर्ने

२.१ विद्यावारिधि तहको समकक्षताका लागि आवेदकले त्रि.वि. पाठ्यक्रम बिकास केन्द्रबाट **स्नातक र स्नातकोत्तर तहको समकक्षता** प्राप्त गरेको हुनु पर्नेछ ।

२.२ स्नातकोत्तर तहको अध्ययन बिना सोझै स्नातक तहबाट **एकीकृत विद्यावारिधि (Integrated PhD)** उपाधिको समकक्षताका लागि आवेदकको पूर्व शैक्षिक योग्यता इन्जिनियरिङ्ग वा आर्किटेक्चर बिषयमा **स्नातक तहको समकक्षता** प्राप्त गरेको हुनु पर्नेछ ।

२.३ आवेदकले स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहहरुमा **अध्ययन गरेको बिषय** त्रि.वि., इ.अ.सं. बिषय समितिको **इन्जिनियरिङ्ग वा आर्किटेक्चर बिषयहरुसँग सम्बन्धित** हुनु पर्नेछ ।

### ३. विद्यावारिधि तहको अध्ययन अवधि, केडिट र कोर्षहरु सम्बन्धमा

३.१ विद्यावारिधि (**PhD**) समकक्षताका लागि आवेदकले स्नातकोत्तर गरेपछि **कम्तिमा ३ बर्षको अध्ययन** अवधि पूरा गरेको हुनु पर्नेछ तथा त्रि.वि., इ.अ.सं. को चालु विद्यावारिधि **पाठ्यक्रमको ७५% अंश (60 Credits/900 Contact Hours/3 Courses, Dissertation and 2 Research Papers) पूरा गरेको** अवस्थामा मात्र समकक्षताको लागि सिफारिस गरिनेछ ।

३.२ **एकीकृत विद्यावारिधि (Integrated PhD)** को हकमा आवेदकले स्नातक गरेपछि **कम्तिमा ५ बर्षको अध्ययन** अवधि पूरा गरेको हुनु पर्नेछ तथा इ.अ.सं.को स्नातकोत्तर तथा विद्यावारिधि दुबै तहको चालु **पाठ्यक्रमको समग्रमा ७५% अंश (105 Credits/1575 Contact Hours/11 Courses, Dissertation and 2 Research Papers) पूरा गरेको** हुनु पर्नेछ ।

कुनै **एकीकृत विद्यावारिधि** आवेदकको अध्ययन अवधि **५ बर्ष भएमा** तर त्रि.वि., इ.अ.सं.को स्नातकोत्तर तथा विद्यावारिधि दुबै तहको चालु **पाठ्यक्रमको समग्रमा ७५% अंश पूरा नगरेको** अवस्थामा, सो मापदण्ड (७५%) पूरा गर्न इ.अ.सं.को सम्बन्धित बिषय समितिले तोकेको **पूरक आवश्यक बिषयहरु वा Credible Research Publication** इ.अ.सं.बाट पूरा गरेपछि मात्र समकक्षताको लागि सिफारिस गरिनेछ ।

**न्यूनतम ५ बर्ष भन्दा पनि कम** अध्ययन अबधि भएका **एकीकृत विद्यावारिधि** तहको समकक्षता सम्बन्धी **सिफारिस गरिने छैन** । तथापि यस प्रकृतिका आवेदकलाई स्नातकोत्तर तहको सम्पूर्ण मापदण्ड पूरा भएको अवस्थामा **स्नातकोत्तर** तह सरहको समकक्षताको लागि सिफारिस गर्न **सकिनेछ** ।

### ४. विद्यावारिधि तहको केडिट ट्रान्सफर सम्बन्धमा

विद्यावारिधि तहमा कुनै पनि किसिमको केडिट ट्रान्सफर गरी पूरा गरेको अध्ययनलाई समकक्षताका लागि **सिफारिस गरिने छैन** ।

## ५. अनलाइन विद्यावारिधि सम्बन्धमा

**५.१** कुनै पनि अनलाइन विद्यावारिधि उपाधिलाई समकक्षताको लागि **सिफारिस गरिने छैन** ।

**५.२ कोभिड महामारी २०१९** को बेलामा आवेदकले अध्ययन गरेको देश वा शहरमा भएको बन्दाबन्दी वा लकडाउन वा संकटकालका कारणले कुनै बिश्वबिद्यालयले अनलाइन कक्षा संचालन गरेको र सम्बन्धित देशले बिद्यार्थीहरुलाई देश छाडने आदेश गरेको भए आवेदकले सोको प्रमाण सहित आवेदन गरेमा इ.अ.सं. बिषय समितिले परीक्षण (Verify) गरी अधिकतम **१ बर्ष सम्मको अनलाईन अध्ययन**लाई समकक्षताको लागि **सिफारिस** गर्न सकिनेछ ।

## ६. उपाधि प्रमाणपत्र, ट्रान्सकृप्ट, सक्कल शोधकार्य र शोधपत्र अनिवार्य पेश गर्नु पर्ने

**६.१** आवेदकले बिश्वबिद्यालयको **छाप र Supervisor को हस्ताक्षर** सहितको **सक्कल शोधकार्य (Original Dissertation)** वा बिश्वबिद्यालयको **Official Web Link** अनिवार्य बुझाउनु पर्नेछ ।

**६.२** आवेदकको **शोधकार्य** (Dissertation) **एकल लेखन** भएको हुनु पर्नेछ ।

**६.३** आवेदकले अनुसन्धान प्रस्ताव दर्ता र स्वीकृत भएको **आधिकारिक पत्र** पेश गर्नु पर्नेछ ।

**६.४** शोधकार्य गराउने **निर्देशक र सह निर्देशकहरुको योग्यता विद्यावारिधि** अनिवार्य हुनु पर्नेछ ।

**६.५** आवेदकले विद्यावारिधि शोधकार्य र शोधपत्रको मौलिकता परीक्षण (Plagiarism Test) र सोको सीमा ननाघेको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**६.६** आवेदकले अध्ययन गरेको विश्वविद्यालयको विद्यावारिधि निर्देशिका पूर्ण रुपमा पालना गरेको हुनु पर्नेछ साथै सो अनुसारको प्रकाशित शोधपत्र आवेदन साथ पेश गर्नु पर्नेछ ।

**६.७** आवेदकको शोधकार्य र शोधपत्रको शिर्षक प्रमाणपत्रमा उल्लेखित उपाधिको शिर्षकसँग मिलेको हुनु पर्नेछ ।

## ७. ट्रान्सकृप्ट/मार्कसिटमा केडिट उल्लेख नभएमा केडिट/कोर्ष र शोधकार्य/शोधपत्र गणना सम्बन्धी व्यवस्था

**७.**१ प्रति १५ लेक्चर आवर प्रति सेमेष्टर बराबर १ केडिट मानिनेछ वा प्रति बिषय अधिकतम ४ केडिट मानिनेछ ।

**७.**२ शोधकार्य **(Dissertation)** लाई अधिकतम **६४ केडिट** मानिनेछ ।

**७.३** यस अतिरिक्त कुनै अवस्थाहरु आएमा सम्बन्धित बिषय समितिको निर्णय बमोजिम हुनेछ ।

## ८. अध्ययन अवधिभर आवेदक अध्ययन गरेको देशमा बसेको हुनु पर्ने

विद्यावारिधि अध्ययन अवधिभर आवेदकले अध्ययन गरेको विश्वविद्यालय वा शैक्षिक संस्था रहेको देशमा पूर्ण बसोबास गरेको हुनु पर्नेछ । यस प्रयोजनका लागि आवेदकले भारत बाहेकका देशहरुको **Valid Visa, आगमन र बर्हिगमनको आधिकारिक प्रमाणहरु** पेश गर्नु पर्नेछ । सो प्रमाणहरु बिषय समितिबाट **Verify** गर्न सकिनेछ र यी प्रमाणहरुको अभावमा समकक्षताको लागि सिफारिस गरिने छैन । **भारतको** हकमा आवेदकले अध्ययन गरेको विश्वविद्यालय वा शैक्षिक संस्था बाट अध्ययन अवधिभर पूर्ण बसोबास गरेको **आधिकारिक पत्र** पेश गर्नु पर्नेछ ।

### ९. प्रमाणपत्रहरुको भाषा सम्बन्धमा

विद्यावारिधि समकक्षताको लागि आवेदन गर्ने आवेदकले आफ्ना प्रमाणपत्रहरु नेपाली वा अंग्रेजी भाषामा नभए प्रमाणपत्रहरुलाई त्रि.वि.को **बिश्वभाषा क्याम्पसबाट अंग्रेजी भाषामा** अनुवाद गरी पेश गर्नु पर्नेछ ।

## १०. विश्वविद्यालय वा शैक्षिक संस्थाको परिचय पुस्तिका र स्वीकृति प्रदान गरिएको प्रमाण पेश गर्नु पर्ने

आवेदकले आवेदन साथ आफुले अध्ययन गरेको विश्वविद्यालय वा शैक्षिक संस्थाको परिचय पुस्तिका तथा सम्बन्धित देशको विश्वविद्यालय अनुदान आयोग वा अख्तियार प्राप्त नियामक निकायबाट **स्वीकृति प्रदान गरिएको** पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

### ११. पाठ्यक्रमको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने

आवेदकले आफूले अध्ययन गरेको विद्यावारिधि तहको सम्बन्धित विश्वविद्यालयको **पाठ्यक्रमको प्रतिलिपि** अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## १२. विद्यावारिधिको बिषय त्रि.वि., इ.अ.सं. बिषय समितिको बिषयहरुसँग मिलेको हुनु पर्ने

**१२.१** आवेदकको विद्यावारिधिको तहको बिषय त्रि.वि., इ.अ.सं. मा भएका विद्यावारिधि तहको इन्जिनियरिङ्ग वा आर्किटेक्चर **बिषयहरुको नामसँग मिल्ने भएमा** मात्र त्रि.वि. को **सोही बिषय तोकेर** विद्यावारिधि तह सरह समकक्षताको लागि सिफारिस गरिने छ ।

**१२.२** आवेदकको विद्यावारिधि तहको बिषय त्रि.वि., इ.अ.सं. मा भएका विद्यावारिधि तहको इन्जिनियरिङ्ग वा आर्किटेक्चर **बिषयहरुको नामसँग नमिल्ने भएमा** निजले अध्ययन गरेको **उपाधिमा उल्लेखित बिषयमा (PhD in Relevant Subject)** तह सरहको समकक्षताको लागि सिफारिस गरिने छ ।

**१२.३** त्रि.वि., इ.अ.सं.मा **एकीकृत विद्यावारिधि** कार्यक्रम नभएकोले एकीकृत विद्यावारिधि गरेका आवेदकको हकमा त्रि.वि., इ.अ.सं. मा भएका विद्यावारिधि बिषयहरुको नामसँग मिल्ने बिषयको अध्ययन गरेपनि आवेदकले अध्ययन गरेको **उपाधिमा उल्लेखित बिषयमा विद्यावारिधि (Integrated PhD in Relevant Subject)** तह सरह समकक्षताको लागि सिफारिस गरिने छ ।

**१३.** उपरोक्त बाहेकका अन्य अवस्थामा “त्रिभुवन विश्वविद्यालय उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यबिधि” ले व्यवस्था गरको अद्यावधिक कार्यविधि बमोजिम बिषय समितिले सिफारिस गरे अनुसार हुनेछ ।